लोक सेवा आयोग

सूचना-पत्र
BULLETIN

साप्ताहिक
(बुधवार प्रकाशित हुने)

वर्ष ४१	२०८० कात्तिक २९ गते	अंक १७
YEAR 41	15 NOVEMBER 2023	NO. 17

विषयसूची

पृष्ठ

१. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना २
(क) रा.प.तृतीय श्रेणी (प्राविधिक)

३. आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ३-७
(क) रा.प.तृतीय श्रेणी (प्राविधिक)
(ख) राष्ट्रिय मानव अधिकार सेवाको अधिकृत तृतीय प्राविधिक
(ग) स्वास्थ्य सेवा आठौं/सातौं तह (आ.प्र., खुला तथा समावेशी)

उम्मेदवारहरुलाई विशेष जानकारी : लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा pscоnline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

केन्द्रीय कार्यालय, कमलपोखरी

सूचना तथा प्रकाशन शाखा

राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ४८०/०८०-८१ **प्रकाशन मिति २०८०/७/२९**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणीका देहायका प्राविधिक पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/९/३ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट **www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. फाराम पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ ।

(छ) दरखास्त दस्तुर रु. १२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	१३२/०८०-८१	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	३ (तीन)
२.	१३३/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	२३ (तेइस)
३.	१३४/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे	५ (पाँच)
४.	१३५/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी	४ (चार)
५.	१३६/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	६ (छ)
६.	१३७/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन	१० (दश)
७.	१३८/०८०-८१	इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर	१ (एक)
८.	१३९/०८०-८१	हाइड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोलोजी	१ (एक)
९.	१४०/०८०-८१	इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि. इलेक्ट्रिकल. जनरल इलेक्ट्रिकल	१ (एक)
१०.	१४१/०८०-८१	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	३ (तीन)
११.	१४२/०८०-८१	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, नि.उ.स.	१ (एक)
१२.	१४३/०८०-८१	केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इञ्जिनियरिङ्ग	१ (एक)
१३.	१४४/०८०-८१	मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी	१ (एक)
१४.	१४५/०८०-८१	इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी, इञ्जिनियरिङ्ग जियोलोजी	२ (दुई)
१५.	१४६/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	४ (चार)
१६.	१४७/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	४ (चार)
१७.	१४८/०८०-८१	पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे.	२ (दुई)
१८.	१४९/०८०-८१	बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण	१ (एक)
१९.	१५०/०८०-८१	माटो विज्ञ, कृषि, माटो विज्ञान	१ (एक)
२०.	१५१/०८०-८१	पशु चिकित्सक, कृषि, भेटेरिनरी	१ (एक)
२१.	१५२/०८०-८१	कम्प्युटर अधिकृत, विविध	२ (दुई)
२२.	१५३/०८०-८१	कम्प्युटर इञ्जिनियर, विविध	४ (चार)
२३.	१५४/०८०-८१	महिला विकास अधिकृत, विविध	१ (एक)
२४.	१५५/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	७ (सात)
२५.	१५६/०८०-८१	प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, अङ्ग्रेजी	१ (एक)
२६.	१५७/०८०-८१	प्राविधिक अधिकृत, शिक्षा, कला, चित्रकला	१ (एक)
२७.	१५८/०८०-८१	पुस्तकालय अधिकृत, शिक्षा, पुस्तकालय विज्ञान	१ (एक)

राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदहरुका लागि आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. ४८१/०८०-८१   प्रकाशन मिति २०८०/७/२९

निजामती सेवा तथा स्वास्थ्य सेवातर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका आ.प्र., खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

(क) निजामती सेवातर्फः राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक)

क्र.सं.	विज्ञापन नं.	पद, सेवा, समूह, उपसमूह	किसिम/ समूह	पुनः विज्ञापन पद संख्या	पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७२४७/०८०-८१	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	खुला	-	३ (तीन)	३ (तीन)	२०८०/१०/२१	२०८०/१०/२२
२.	१७२४८/०८०-८१	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	महिला	-	२ (दुई)	२ (दुई)		
३.	१७२४९/०८०-८१	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	आ.ज.	-	१ (एक)	१ (एक)		
४.	१७२५०/०८०-८१	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	मधेसी	-	१ (एक)	१ (एक)		
५.	१७२५१/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	खुला	-	३० (तीस)	३० (तीस)	२०८०/१०/१९	२०८०/१०/२०
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	७ (सात)	७ (सात)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	४ (चार)	४ (चार)		
		घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	१४ (चौध)	१४ (चौध)		
		ङ. इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर		-	१ (एक)	१ (एक)		
		जम्मा			५६ (छपन्न)	५६ (छपन्न)		
६.	१७२५२/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	महिला	-	९ (नौ)	९ (नौ)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	२ (दुई)	२ (दुई)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	३ (तीन)	३ (तीन)		
		ङ. इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर		-	१ (एक)	१ (एक)		
		जम्मा			१६ (सोह्र)	१६ (सोह्र)		
७.	१७२५३/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	आ.ज.	-	७ (सात)	७ (सात)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	१ (एक)	१ (एक)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	२ (दुई)	२ (दुई)		
		जम्मा			११ (एघार)	११ (एघार)		
८.	१७२५४/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	मधेसी	-	५ (पाँच)	५ (पाँच)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	१ (एक)	१ (एक)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	३ (तीन)	३ (तीन)		
		जम्मा			१० (दश)	१० (दश)		
९.	१७२५५/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	दलित	-	२ (दुई)	२ (दुई)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	१ (एक)	१ (एक)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	१ (एक)	१ (एक)		
		जम्मा			४ (चार)	४ (चार)		
१०.	१७२५६/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	अपाङ्ग	-	२ (दुई)	२ (दुई)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	१ (एक)	१ (एक)		
		जम्मा			३ (तीन)	३ (तीन)		
११.	१७२५७/०८०-८१	क. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी	पि.क्षे.	-	१ (एक)	१ (एक)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन		-	१ (एक)	१ (एक)		
		जम्मा			२ (दुई)	२ (दुई)		
१२.	१७२५८/०८०-८१	इञ्जिनियर, सिभिल, वि. एण्ड आ.	खुला	-	९ (नौ)	९ (नौ)	२०८०/१०/२३	२०८०/१०/२४
१३.	१७२५९/०८०-८१	इञ्जिनियर, सिभिल, वि. एण्ड आ.	महिला	-	२ (दुई)	२ (दुई)		
१४.	१७२६०/०८०-८१	इञ्जिनियर, सिभिल, वि. एण्ड आ.	आ.ज.	-	२ (दुई)	२ (दुई)		
१५.	१७२६१/०८०-८१	इञ्जिनियर, सिभिल, वि. एण्ड आ.	मधेसी	-	१ (एक)	१ (एक)		
१६.	१७२६२/०८०-८१	इञ्जिनियर, सिभिल, वि. एण्ड आ.	दलित	-	१ (एक)	१ (एक)		
१७.	१७२६३/०८०-८१	इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि. इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल	महिला	-	१ (एक)	१ (एक)	२०८०/१०/२५	२०८०/१०/२६
१८.	१७२६४/०८०-८१	इलेक्ट्रोनिक इञ्जिनियर, इञ्जि. इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग	मधेसी	-	१ (एक)	१ (एक)	२०८०/१०/२८	२०८०/१०/२९
१९.	१७२६५/०८०-८१	क. मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	खुला	-	४ (चार)	४ (चार)	२०८०/११/१	२०८०/११/२
		ख. मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, नि.उ.स.		-	२ (दुई)	२ (दुई)		
		जम्मा			६ (छ)	६ (छ)		
२०.	१७२६६/०८०-८१	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	महिला	-	१ (एक)	१ (एक)		
२१.	१७२६७/०८०-८१	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	मधेसी	-	१ (एक)	१ (एक)		
२२.	१७२६८/०८०-८१	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	अपाङ्ग	-	१ (एक)	१ (एक)		
२३.	१७२६९/०८०-८१	माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ	खुला	१ (एक)	-	१ (एक)	२०८०/११/३	२०८०/११/४
२४.	१७२७०/०८०-८१	केमिकल इञ्जिनियर, इञ्जि, केमिकल इञ्जिनियरिङ्ग	महिला	-	१ (एक)	१ (एक)	२०८०/११/५	२०८०/११/६

क्र.सं.	विज्ञापन नं.	पद, सेवा, समूह, उपसमूह	किसिम/ समूह	पुनः विज्ञापन पद संख्या	पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे — प्रथम पत्र	द्वितीय पत्र	तृतीय पत्र
२५.	१७२७१/०८०-८१	मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी	खुला	२ (दुई)	१ (एक)	३ (तीन)	२०८०/११/७	२०८०/११/८	
२६.	१७२७२/०८०-८१	मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी	महिला	–	१ (एक)	१ (एक)			
२७.	१७२७३/०८०-८१	मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी	आ.ज.	१ (एक)	–	१ (एक)			
२८.	१७२७४/०८०-८१	मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी	मधेसी	–	१ (एक)	१ (एक)			
२९.	१७२७५/०८०-८१	जियोकेमिष्ट टेक्निसियन, इञ्जि., जियोलोजी., जनरल जियोलोजी	खुला	–	१ (एक)	१ (एक)	२०८०/११/९	२०८०/११/१०	
३०.	१७२७६/०८०-८१	इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी., इञ्जिनियरिङ्ग जियोलोजी	खुला	–	१ (एक)	१ (एक)			
३१.	१७२७७/०८०-८१	इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी., इञ्जिनियरिङ्ग जियोलोजी	महिला	–	१ (एक)	१ (एक)			
३२.	१७२७८/०८०-८१	इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी., इञ्जिनियरिङ्ग जियोलोजी	अपाङ्ग	–	१ (एक)	१ (एक)			
३३.	१७२७९/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	खुला	–	५ (पाच)	५ (पाच)	२०८०/११/११	२०८०/११/१२	
३४.	१७२८०/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	महिला	–	१ (एक)	१ (एक)			
३५.	१७२८१/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	आ.ज.	–	१ (एक)	१ (एक)			
३६.	१७२८२/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	मधेसी	–	१ (एक)	१ (एक)			
३७.	१७२८३/०८०-८१	नापी अधिकृत, इञ्जि., सर्भे	दलित	–	१ (एक)	१ (एक)			
३८.	१७२८४/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	खुला	–	४ (चार)	४ (चार)	२०८०/११/१३	२०८०/११/१४	
३९.	१७२८५/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	महिला	–	२ (दुई)	२ (दुई)			
४०.	१७२८६/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	आ.ज.	१ (एक	१ (एक)	२ (दुई)			
४१.	१७२८७/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	मधेसी	–	१ (एक)	१ (एक)			
४२.	१७२८८/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	दलित	१ (एक)	–	१ (एक)			
४३.	१७२८९/०८०-८१	केमिष्ट, इञ्जि, केमिष्ट्री	अपाङ्ग	१ (एक)	–	१ (एक)			
४४.	१७२९०/०८०-८१	पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे.	खुला	–	२ (दुई)	२ (दुई)	२०८०/११/१५	२०८०/११/१६	
४५.	१७२९१/०८०-८१	पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे.	आ.ज.	–	१ (एक)	१ (एक)			
४६.	१७२९२/०८०-८१	पशु चिकित्सक, कृषि, भेटेरिनरी	खुला	–	१ (एक)	१ (एक)	२०८०/११/१७	२०८०/११/१८	
४७.	१७२९३/०८०-८१	पशु चिकित्सक, कृषि, भेटेरिनरी	महिला	–	१ (एक)	१ (एक)			
४८.	१७२९४/०८०-८१	पशु चिकित्सक, कृषि, भेटेरिनरी	आ.ज.	–	१ (एक)	१ (एक)			
४९.	१७२९५/०८०-८१	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	खुला	१ (एक)	–	१ (एक)	२०८०/११/१९	२०८०/११/२०	
५०.	१७२९६/०८०-८१	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	आ.ज.		१ (एक)	१ (एक)			
५१.	१७२९७/०८०-८१	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	मधेसी	१ (एक)	–	१ (एक)			
५२.	१७२९८/०८०-८१	वैज्ञानिक अधिकृत, वन, बोटानी	खुला	–	१ (एक)	१ (एक)	२०८०/११/२१	२०८०/११/२२	
५३.	१७२९९/०८०-८१	सहायक संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.	आ.ज.	–	१ (एक)	१ (एक)	२०८०/११/२३	२०८०/११/२४	
५४.	१७३००/०८०-८१	कम्प्युटर अधिकृत, विविध	खुला	–	३ (तीन)	३ (तीन)	२०८०/११/२७	२०८०/११/२८	
५५.	१७३०१/०८०-८१	कम्प्युटर अधिकृत, विविध	महिला	–	१ (एक)	१ (एक)			
५६.	१७३०२/०८०-८१	कम्प्युटर अधिकृत, विविध	आ.ज.	–	१ (एक)	१ (एक)			
५७.	१७३०३/०८०-८१	कम्प्युटर अधिकृत, विविध	मधेसी	–	१ (एक)	१ (एक)			
५८.	१७३०४/०८०-८१	कम्प्युटर इञ्जिनियर, विविध	खुला	२ (दुई)	४ (चार)	६ (छ)	२०८०/११/२९	२०८०/११/३०	
५९.	१७३०५/०८०-८१	कम्प्युटर इञ्जिनियर, विविध	महिला	–	१ (एक)	१ (एक)			
६०.	१७३०६/०८०-८१	कम्प्युटर इञ्जिनियर, विविध	आ.ज.	–	२ (दुई)	२ (दुई)			
६१.	१७३०७/०८०-८१	कम्प्युटर इञ्जिनियर, विविध	दलित	–	१ (एक)	१ (एक)			
६२.	१७३०८/०८०-८१	महिला विकास अधिकृत, विविध	खुला	–	१ (एक)	१ (एक)	प्रथम पत्र २०८०/१२/१	द्वितीय पत्र २०८०/१२/२	तृतीय पत्र २०८०/१२/३
६३.	१७३०९/०८०-८१	महिला विकास अधिकृत, विविध	महिला	–	१ (एक)	१ (एक)			
६४.	१७३१०/०८०-८१	महिला विकास अधिकृत, विविध	आ.ज.	–	१ (एक)	१ (एक)			
६५.	१७३११/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	खुला	–	८ (आठ)	८ (आठ)	प्रथम पत्र २०८०/१२/८	द्वितीय पत्र २०८०/१२/९	तृतीय पत्र २०८०/१२/१०
६६.	१७३१२/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	महिला	–	२ (दुई)	२ (दुई)			
६७.	१७३१३/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	आ.ज.	–	२ (दुई)	२ (दुई)			
६८.	१७३१४/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	मधेसी	–	१ (एक)	१ (एक)			
६९.	१७३१५/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	अपाङ्ग	–	१ (एक)	१ (एक)			
७०.	१७३१६/०८०-८१	विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	पि.क्षे.	–	१ (एक)	१ (एक)			
७१.	१७३१७/०८०-८१	प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, अङ्ग्रेजी	खुला	–	२ (दुई)	२ (दुई)			तृतीय पत्र २०८०/१२/१३
७२.	१७३१८/०८०-८१	प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, अङ्ग्रेजी	दलित	–	१ (एक)	१ (एक)			
७३.	१७३१९/०८०-८१	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	खुला	–	१ (एक)	१ (एक)	२०८०/१२/४	२०८०/१२/५	
७४.	१७३२०/०८०-८१	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	खुला	–	१ (एक)	१ (एक)		२०८०/१२/६	
७५.	१७३२१/०८०-८१	मनोविज्ञानवेत्ता, शिक्षा, परीक्षण तथा मूल्याङ्न, कर्मचारी परीक्षण तथा मूल्याङ्न	खुला	–	१ (एक)	१ (एक)	२०८०/१२/१४	२०८०/१२/१५	
७६.	१७३२२/०८०-८१	मनोविज्ञानवेत्ता, शिक्षा, परीक्षण तथा मूल्याङ्न, कर्मचारी परीक्षण तथा मूल्याङ्न	आ.ज.	–	१ (एक)	१ (एक)			

(ख) राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत तृतीय

क्र.सं.	विज्ञापन नं.	पद, सेवा, समूह, उपसमूह	किसिम/ समूह	पुनः विज्ञापन पद संख्या	पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७३२३/०८०-८१	सूचना प्रविधि अधिकृत, राष्ट्रिय मानव अधिकार सेवा	खुला	-	१ (एक)	**१ (एक)**	पछि प्रकाशन गरिनेछ ।	

(ग) स्वास्थ्य सेवातर्फः आठौं तह

क्र.सं.	विज्ञापन नं.	पद, सेवा, समूह, उपसमूह	किसिम/ समूह	पुनः विज्ञापन पद संख्या	पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७३२४/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	खुला	-	१९ (उन्नाइस)	**१९ (उन्नाइस)**	२०८०/१२/१६	२०८०/१२/१७
२.	१७३२५/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	महिला	–	५ (पाच)	**५ (पाच)**		
३.	१७३२६/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	आ.ज.	–	५ (पाच)	**५ (पाच)**		
४.	१७३२७/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	मधेसी	–	३ (तीन)	**३ (तीन)**		
५.	१७३२८/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	दलित	–	१ (एक)	**१ (एक)**		
६.	१७३२९/०८०-८१	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	पि.क्षे.	–	१ (एक)	**१ (एक)**		
७.	१७३३०/०८०-८१	डेण्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री	खुला	–	१ (एक)	**१ (एक)**	२०८०/१२/२०	२०८०/१२/२१
८.	१७३३१/०८०-८१	आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद	महिला	–	१ (एक)	**१ (एक)**	२०८०/१२/२२	२०८०/१२/२३

(घ) स्वास्थ्य सेवातर्फः सातौं तह

क्र.सं.	विज्ञापन नं.	पद, सेवा, समूह, उपसमूह	विज्ञापन किसिम	पुनः विज्ञापन पद संख्या	पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७३३२/०८०-८१	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	आ.प्र.	–	१ (एक)	**१ (एक)**	२०८०/१२/२४	२०८०/१२/२५
२.	१७३३३/०८०-८१	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	खुला	–	२ (दुई)	**२ (दुई)**		
३.	१७३३४/०८०-८१	रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी	आ.प्र.	–	१ (एक)	**१ (एक)**	२०८०/१२/२६	२०८०/१२/२७

विज्ञापनसम्बन्धी विशेष सूचना :- प्रस्तावित निजामती सेवा विधेयक, २०८० उपर आयोगबाट मिति २०८०/५/४ मा नै नेपाल सरकारलाई परामर्श प्रदान गरिसकिएको भएतापनि हालसम्म पनि उक्त विधेयक संघीय संसदमा पेश हुन नसकेको कारण लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६३ बमोजिम बनेको आयोगको वार्षिक कार्यतालिकाभित्र पदपूर्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन नसकिने देखिएकोले सम्मानित सर्वोच्च अदालतको उत्प्रेषणको रिटमा भएको परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत प्रतिशत निर्धारण भए बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापनको सूचना प्रकाशित गरिएको छ ।

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता । (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)

परीक्षा केन्द्र :- काठमाडौं । (नेपाल शिक्षा सेवाका शिक्षा प्रशासन समूह अन्तर्गतका पदहरु र नेपाल इन्जिनियरिङ्ग सेवाका सिभिल समूह अन्तर्गतका पदहरुको लिखित परीक्षा आयोगको धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुमा सञ्चालन हुनेछ ।)

दरखास्त दस्तुर :- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ । एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह/किसिम प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति :- २०८०/८/१९ र दोब्बर दस्तुर तिरी २०८०/८/२६ सम्म ।

उम्मेदवारको उमेरको हद :-
- निजामती सेवातर्फका पदहरुको हकमा २०८०/८/१९ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- स्वास्थ्य सेवातर्फका पदहरुको हकमा २०८०/८/१९ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ ।

दरखास्त दस्तुर बुझाउने अवधि :- २०८०/८/२७ गतेसम्म (कार्यालय समयभित्र) ।

अपलोड गर्नुपर्ने कागजातहरु :- **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।**

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह, उपसमूहसम्बन्धी ।

तलब :- प्रचलित कानून बमोजिम ।

सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरु ।

आवश्यक न्यूनतम योग्यता:

(क) स्वास्थ्य सेवा, आ.प्र. तर्फका पदको लागि

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित) को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको तथा ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) समेतका आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४ को उपनियम ६ तथा अनुसूची ७ मा उल्लेख भए बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ । दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ ।

१. **स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, जनस्वास्थ्य अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण ।

२. **स्वास्थ्य, रेडियोग्राफी, रेडियोग्राफी टेक्नोलोजिष्ट, सातौं तह** :- मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण ।

(ख) खुलाको लागि

(अ) निजामती सेवातर्फ

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. **आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

२. **इन्जि., सिभिल, जनरल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

३. **इन्जि., सिभिल, हाइवे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।

४. **इन्जि., सिभिल, स्यानिटरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

५. **इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

६. **इन्जि., सिभिल, इरिगेशन :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

७. **इन्जि., सिभिल, हाइड्रोपावर :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइड्रोपावर इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

८. **इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

९. **इलेक्ट्रोनिक इन्जिनियर, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसनः-** कुनै विषयमा स्नातक भएको र आई.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्स तालिम प्राप्त वा एरोनटिकल रेडियो मेन्टेनेन्समा डिप्लोमा वा बी.ई रेडियो इन्जिनियरिङ्ग वा टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इन्जिनियरिङ्ग वा एयर नेभिगेशन इन्जिनियरिङ्ग वा सो सरह उत्तीर्ण ।

१०. **इन्जि., मेकानिकल, जनरल मेकानिकल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

११. **इन्जि., मेकानिकल, नि.उ.स. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

१२. **इन्जि., माइनिङ्ग इन्जिनियरिङ्ग :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा बी.ई., बी.एस्सी., बी.टेक. वा सो सरह उत्तीर्ण ।

१३. **इन्जि., केमिकल इन्जिनियरिङ्ग :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक. वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजी एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१४. **इन्जि., मेटेरियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त ।

१५. **इन्जि., जियोलोजी, जनरल जियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी र एप्लाइड जियोलोजी वा इन्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियोकेमिष्ट्री वा जियोलोजिकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१६. **इन्जि., जियोलोजी, इन्जिनियरिङ्ग जियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग जियोलोजी विषयमा इन्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रो जियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इन्जिनियरिङ्ग जियोलोजी सम्बन्धी विषयमा ३ (तीन) महिनाको तालिम प्राप्त ।

१७. **इन्जि., सर्भे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । *मिति २०६८/७/२१ मा प्रकाशित राजपत्र भाग ५ को सूचना बमोजिम सम्वत् २०६८ साल भदौ १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्बन्धी सूचना प्रकाशित हुनु अघि इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।*

१८. **इन्जि., केमिष्ट्री :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१९. **कृषि, ला.पो. एण्ड डे.डे. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी./ डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।

२०. **कृषि, भेटेरिनरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

२१. **कृषि, खा.पो. तथा गु.नि. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण ।

कृषि सेवाका विभिन्न समूह :- *मिति २०६९/८/२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टिकरणमा उल्लेख भए बमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।"*

२२. **वन, वोटनी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय वोटनी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

२३. **वन, नेशलन पार्कस् एण्ड वाइल्ड लाइफ :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

२४. **विविध, कम्प्युटर अधिकृत :-** कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा (फिजिकल) स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसि डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ९ महिनाको डिप्लोमा प्राप्त ।

२५. **विविध, कम्प्युटर इन्जिनियर :-** कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण ।

२६. **विविध, महिला विकास अधिकृत :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

२७. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

२८. **शिक्षा, शिक्षा प्रशासन, अंग्रेजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

२९. **शिक्षा, पुरातत्व, पुरातत्व :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्वमा स्नातक वा सो सरह उत्तीर्ण वा इतिहासमा वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह भई पुरातत्व वा नृतत्व वा अभिलेख विज्ञानमा डिग्री वा डिप्लोमा उत्तीर्ण ।

३०. **शिक्षा, पुरातत्व, संग्रहालय :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संग्रहालय विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह भई संग्रहालय विज्ञानमा डिप्लोमा उत्तीर्ण ।

३१. **शिक्षा, परीक्षण तथा मूल्याङ्कन, कर्मचारी परीक्षण तथा मूल्याङ्कन :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मनोविज्ञानमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

(आ) राष्ट्रिय मानव अधिकार सेवातर्फ

१. **सूचना प्रविधि अधिकृत :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा कम्प्युटर इञ्जिनियरिङ्ग वा सूचना प्रविधि मूल विषय सहित स्नातक तह वा सो सरह उत्तीर्ण ।

(ई) स्वास्थ्य सेवातर्फ

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ । दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

१. **स्वास्थ्य, ज.हे.स., मेडिकल अधिकृत, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त ।
२. **स्वास्थ्य, डेन्टिष्ट्री, डेन्टल सर्जन, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त ।
३. **स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आयुर्वेद चिकित्सक, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्समा स्नातक उपाधि प्राप्त ।
४. **स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, जनस्वास्थ्य अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधी प्राप्त ।

उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईँसराइ गरेको खुल्ने कागजात ।

द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।
(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
(घ) लोक सेवा आयोग नियमावली, २०७९ नियम ६८ बमोजिम सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।
(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(ज) पाठ्यक्रम आयोगको वेबसाइट **www.psc.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेल:: info@psc.gov.np वेभसाइट: www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ९७९, काठमाडौं **२०८०/७/२९ बुधबार**